# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, कात्तिक १७ गते २०३८ साल (संख्या २९

श्री ५ को सरकार

### राष्ट्रिय शिक्षा समितिको

### सूचना

राष्ट्रिय शिक्षा समिति (दोस्रो संशोधन) नियमहरू, २०३८

राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, राष्ट्रिय शिक्षा समिति ऐन, २०२८ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय शिक्षा समितिले बनाएको देहायका नियमहरूमा श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राष्ट्रिय शिक्षा समिति (दोस्रो संशोधन) नियमहरू, २०३८" रहेको छ ।

(२) यी नियमहरू २०३८ साल आषाढ ५ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ को नियम ६ मा संशोधनः राष्ट्रिय शिक्षा समिति नियमहरू, २०२९ को,–

(१) नियम ६ मा रहेको "२०३३ साल वैशाख ५ गतेदेखि" भन्ने शब्दहरूको सट्टा "२०३८ साल आषाढ ५ गतेदेखि" भन्ने शब्दहरू राखिएका छन् ।

(२) नियम ६ को खण्ड (ग) झिकिएको छ ।

आज्ञाले–
डा. सुरेशराज शर्मा
सदस्य-सचिव
राष्ट्रिय शिक्षा समिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।